बझाङ्ग जिल्लाको केदारस्यूँ गाउँपालिका वडा नं.१, जुवालीकोट, देउरामा मिति २०८०/०३/०५ गते भएको सवारी दुर्घटनामा परी असामयिक निधन हुनुभएका आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री श्री पृथ्वी बहादुर सिंह तथा अन्य मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्नुका साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

**निर्णयहरू:**

१. प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रमको बिशेषताहरु समेटिएको विश्लेषणात्मक टिप्पणी आर्थिक मामिला मन्त्रालयले तयार पार्ने ।

२. आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पूर्व तयारी आरम्भ गर्ने । मन्त्रालयहरूले मन्त्रालयगत रूपमा वार्षिक कार्यक्रम कार्यान्वयनको खाका, मोडालिटी एवं आवश्यक पर्ने बिषयहरूमा अवधारणापत्र लगायतका डकुमेन्टहरू तयार गरी कार्यप्रक्रिया अगाडि बढाउने।

३. खर्च व्यवस्थान प्रणालीको प्रयोगका क्रममा विगतमा भएका कमी कमजोरीहरु एवं त्रुटीहरुबाट पाठ सिक्दै बजेट खर्च कार्यलाई समयसीमाबद्ध अनुशासित एवं व्यवस्थित तुल्याउने।

४. जनशक्ति व्यवस्थापन गर्ने प्रयोजनार्थ सबै मन्त्रालय तथा निकाय एवं मातहतमा कार्यरत कर्मचारीहरुको अभिलेख तथा विवरण सम्बन्धित मन्त्रालय तथा निकायले अद्यावधिक गर्ने र उक्त विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ७ (सात) दिनभित्र आइपुग्ने गरी पठाउने।